**बबई गाँउपालिका गाँउकार्यपालिकाको साझेदारी कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन कार्यविधी २०७७ अनुसार कृषि तथा पशु विकासमा आधारित परियोजना कार्यक्रम साझेदारीमा कार्यान्वयन गर्ने सेवाप्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR) ।**

**१ कार्यक्रमको पृष्ठभूमी :** यस बबई गाँउपालिकाको स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैर सरकारी संस्थाहरुबाट सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तपसिल बमोजिमका कागजातहरु सहित प्रस्तावना पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**२. कार्य क्षेत्रगत शर्तहरु (TOR)**

१.गाँउपालिकाले र संस्थाले संयुक्त रुपमा कार्यक्षेत्र र घरधुरी छनौट गर्नुपर्नेछ ।

२. प्रस्तावित लाभान्वित घरधुरीहरुलाई स्वावलम्वन, समुह गठन, क्षमता अभिवृद्धि, व्यवस्थित पशुपालन, व्यवसायिक कृषिमा आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

३. स्वावलम्वन समुह, सामाजिक परिचालनको माध्यमबाट सामाजिक पुँजी निर्माण, सामुदायिक विकास, महिला सशक्तिकरणका लागि काम गर्नुपर्नेछ ।

४. उन्नत गाई, भैसी, बाखा, बंगुर, कुखुरा,टर्की, वट्टाई, हाँस, दुध र तरकारी लगायतका कृषि तथा पशु वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राथमिकता दिई काम गर्नुपर्नेछ ।

५. पशु आहार, खोर गोठ सुधार, नश्ल सुधार, पशु स्वास्थ्य, पशु विमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

६. उन्नत गाई, भैसी, बाखा, बंगुर, कुखुरा, टर्की, वट्टाई, हाँस, दुध र तरकारी व्यवसायका लागि आवश्यक प्राविधिक तालिम तथा प्राविधिक सेवाप्रवर्द्धन गर्नुपर्नेछ ।

७. घाँस नर्सरी स्थापना साथै प्रत्येक घरमा आवश्यकता अनुसार घाँस खेतीको विकास गर्नु पर्नेछ ।

८. परियोजनाबाट लक्षित समुदायमा प्रदान गरिने पशुवस्तु, कोष, ज्ञान र सिपको निरन्तरता र दिगोपनाको ढाँचा उल्लेख गर्नुपर्नेछ ।

९. स्वावम्वन समुहहरुको सहभागितामा सहकारी संस्थाको गठनतथा परिचालनगरि कृषि तथा पशुजन्य उत्पादनका लागि आवश्यक सेवा (उत्पादन सामाग्री, प्राविधिक, विमा, वित्तिय सेवा) र वजारीकरण गर्नका लीगि संस्थागत विकास गर्नुपर्नेछ ।

१०. कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक तथा अन्य सहयोगको लागि सरोकारवालाहरुसँग समन्वय गर्नुपर्नेछ ।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्र... प्रशासकीय अधिकृत

